## भाग २

अरुण गाउँकार्यपालिका को सूचना

**अरुण गाउँपालिका शिक्षा (प्रथम संसोधन) कार्यविधि, २०७७**

अरुण गाउँपालिका शिक्षा कार्यविधि २०७५ लाइ संसोधन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को भाग ३ धारा ३१, अनुसूची ८ को क्र.सं. ८ र स्थानीय सरकार सञ्चालन ऐन को परिच्छेद ३ दफा ११ (ज) ले दिएको अधिकार प्रयोग गरी यो अरुण गाउँपालिकाले देहायका नियमहरु बनाएको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "अरुण गाउँपालिका शिक्षा (प्रथम संसोधन) कार्यविधि, २०७७" रहेको छ ।

(२)यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२ **अरुण गाउँपालिका शिक्षा कार्यविधि २०७५ को नियम १९ मा संसोधन** : अरुण गाउँपालिका शिक्षा कार्यविधी २०७५(यस पछी "मूल कार्यविधि भनिएको) को नियम १९ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :–

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखीएको भएतापनि प्राविधिक शिक्षा प्रदान गर्ने वाहेक अन्य विद्यालयको कक्षा ११ र १२ को कक्षा थप र विषय थप गर्ने अनुमति अनुसुची २(क) बमोजिम मापदण्ड तथा प्रकृया पुरागरेको विद्यालयलाइ कार्यपालिकाले दिन सक्नेछ ।

३ **मूल कार्यविधिको नियम २४ मा संसोधन** : मूल नियमावलीको नियम २४ को उपनियम (६) मा रहेको "वढीमा ६ वटा" भन्ने शब्दको सट्टा "बढीमा १२वटा" भन्ने शव्द राखिएको छ ।

०७७।०४।११

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची – २(क)

(नियम १९ को उपनियम (३) सँग सम्बन्धित)

कक्षा ११ संचालन अनुमती कोलगि आवश्यक मापदण्ड

१ आवश्यक प्रति संकाय विद्यार्थी संख्या :–

| | | |
|---|---|---|
| क. कक्षा | १० : | न्यूनतम २५ जना |
| ख. कक्षा | ९ : | न्यूनतम २५ जना |
| ग. कक्षा | ८ : | न्यूनतम २५ जना |

२ आवश्यक कक्षा कोठा (न्यूनतम) :–

क लाइभेरी कोठा संख्या १

ख अफिस कोठा संख्या १

ग कक्षा कोठा संख्या २

३ सम्बन्धित विषयगत शिक्षकः अनुमतीलिन चाहेको संकाय र सो अन्तरगत विषय शिक्षकको बिवरण

४ सर्व षक्षिय भेलाको आर्थिक श्रोत व्यहोर्ने प्रतिवद्धता सहितको निर्णय ।

०८०।४।१९

प्रमुख प्रशासकीय अधिकृत